# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

## सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/०८/१०

यस आयोगको लागि आवश्यक चार पाङ्ग्रे सवारी साधनहरु सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

बोलपत्र सम्बन्धी विवरण

| क.स | सवारी साधनको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | 4Wheel Drive 4 stroke, Diesel engine Jeep. Suitable to operate in rough and hilly road condition of Nepal, displacement of the engine 2000 - 2200cc, shall have seating capacity for at least 7 passengers including driver | २ | |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०७४/९/१० सम्म कार्यालय समयभित्र रु. ३०००।- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी बोलत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट बोलपत्र खरिद गर्न सक्नेछन्। बोलपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७४/०७५ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्र मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा बोलपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ। सो कागजातहरु पेश नगर्ने निवेदकले बोलपत्र खरिद गर्न पाउने छैन।

२. बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०७४/०९/१० गतेसम्मको कार्यालय समयभित्र खरिद गरि सकी २०७४/०९/११ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। प्राप्त भएका बोलपत्रहरु २०७४/०९/११ गते दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत वापतको रकम रु३,२४,०००।- (अक्षेरेपी तीन लाख चौबिस हजार रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गावाहाल ललितपुरमा रहेको धरौटी खाता नं ख ३ (०१८०-५१-००१६८५६ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ।

४. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ।

५. सामान सप्लाई सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. बोलपत्रदाताले सप्लाई गर्ने सामानको स्पेशिफिकेशन बोलपत्र साथ उपलब्ध गराइनेछ। साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाहि हुनेछैन।

८. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ।

९. स्वीकृत बोलपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ।

१०. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ।

११. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ।

## E-Bidding का लागि

१२. E-Bidding मा भाग लिने बोलपत्र दाताहरुका लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएको वस्तु खरिदसम्बन्धी E-Bidding को अन्तरिम Portal प्रयोग गरिएको छ। उक्त web: www.bolpatra.gov.np मा login गरी प्राप्त निर्देशानुसार बोलपत्रमा भाग लिन सक्नेछन्।

१३. बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु सोहि web मा गई scanned copy download र upload गर्नु पर्नेछ। यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर वापत कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गावाहाल ललितपुरमा रहेको राजश्व खाता नं १८०-४१-२४४० मा दाखिला गरेको सक्कलै भौचरको scanned copy upload गर्नु पर्नेछ।

१४. E-submission गर्ने बोलपत्रदाताहरुले मिति २०७४/०९/११ गते दिनको १२:०० बजेभित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ। Upload भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे खोलिने छ।

१५. बोलपत्रदाताले E-Bidding मार्फत पेश गरेका बोलपत्रहरु खोल्ने समयमा निजको E-Bidding दर्ता भएको नदेखिएमा वा Upload भएका फाइलहरु Unreadable Format वा Corrupted भएमा मूल्यांकनमा समावेश गरिने छैन।

१६. E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको मितिले सातौं दिन सम्मको दिनको २:०० बेजेभित्र E-Bidding मार्फत पेश गरेका सम्पूर्ण कागजातहरुको Hard Copy नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। अन्यथा मूल्यांकनमा समावेश गरिने छैन।

१७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन(संशोधन सहित) २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

प्रमाणित

राष्ट्रिय मानव अधिकार आयोग नेपाल